म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- ६७ २०८० माघ ११ गते बिहीबार 25 January 2024, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

**जग्गा भाडामा चाहियो**



हेटौँडा-५, शान्तिनगरस्थित उद्योग, वर्कसप समेत सञ्चालन गर्न मिल्ने ५ कट्ठा जमिन भाडामा दिनुपर्ने भएकोले इच्छुक व्यक्ति वा संस्थाले सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

**सम्पर्क नम्बरः ९८४९४५४६८३**

# ६ महिनामा १४२ जना किशोरी आमा बने




समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालमा ६ महिनाको अवधिमा एक सय ४२ जना किशोरी आमा बनेका छन्। चालु आर्थिक वर्ष २०८०/०८१ को पुस मसान्तसम्म एक सय ४२ जना किशोरीहरु सुत्केरी भएका हुन्।

हेटौंडा अस्पतालको तथ्यांकअनुसार पुस महिनामा १२ जना किशोरीहरु आमा बनेका छन्। एक महिनामा गर्भवती भई प्रसुति सेवा लिन अस्पताल आएका २ सय ७५ जनामध्ये १२ जना किशोरी रहेका छन्। अस्पतालले एक महिनामा सामान्य अवस्थामा एक सय ६४ जना गर्भवतीलाई सेवा दिएको छ। यस्तै, अस्पतालबाट ९३ जनाको शल्यक्रिया गरी बच्चा निकाल्नु परेको थियो भने १४ जनाको गम्भीर अवस्थामा शल्यक्रिया गरिएको हेटौंडा अस्पतालका सूचना अधिकारी राजीव झाले जानकारी दिनुभयो।

२ सय ७५ जना आमाले एक सय ३९ छोरा र एक सय २९ छोरीलाई जन्म दिएका छन्। अस्पतालले आकस्मिकरुपमा २४ सै घण्टा गर्भवतीहरुलाई सेवा, सुविधा प्रदान गर्दै आएको छ।

हेटौंडा अस्पतालमा चालु आर्थिक वर्ष २०८०/०८१ को साउन महिनामा २७ जना किशोरीहरु आमा बनेका थिए। यस्तै, भदौ महिनामा २५ जना, असोज महिनामा ३३ जना, कार्तिक महिनामा २२ जना र मंसिर महिनामा २३ जना किशोरी आमा बनेका छन्।

सरकारले बालविवाह रोकथामका लागि पर्याप्त कानुन निर्माण गरे पनि बालविवाह अन्त्य हुन सकेको छैन। बालविवाह भइरहेकै कारण किशोरीहरु आमा बन्ने क्रमले व्यापकता पाइरहेको हो। २० वर्षअघि विवाह गर्न नपाइने कानुनी व्यवस्था भए पनि बालविवाहले निरन्तरता पाइरहँदा धेरै समस्या भइरहेको छ।

कम उमेरमा गर्भवती भएका कारण गर्भवती किशोरीहरुको अवस्था गम्भीर हुने भएकाले धेरै ध्यान दिनुपर्ने झाले बताउनुभयो। सानो उमेरमा विवाह, गर्भवतीजस्ता समस्याहरु न्यूनीकरणमा तीनै तहको सरकारले ध्यान दिनुपर्ने उहाँको भनाइ छ। अस्पतालले गर्भवती किशोरीहरुलाई राम्रो उपचारमात्र दिनसक्ने उहाँ बताउनुहुन्छ। बालबालिकालाई विद्यालयस्तरबाटै जनचेतना जगाउन र कानुनलाई प्रभावकारी बनाउन अति आवश्यक रहेको झाले बताउनुभयो।

स्वयम्सेविकाहरुले थाहा भएसम्म विवाह रोकिरहेको हेटौंडा उपमहानगर पालिका-१६ की स्वयम्सेविका देवीकुमारी अधिकारीले बताउनुभयो। स्वयम्सेविकाहरुले विभिन्न कार्यक्रम, र्‍याली, अन्तरक्रिया गरिरहँदा बालविवाह न्यूनीकरणमा सकारात्मक प्रभाव परेको उहाँको भनाइ छ। आफूलाई जानकारी भएको बालविवाह रद्द गरेको उहाँले दावी गर्नुभयो। हेटौंडा तथा अन्य स्थानका बासिन्दाहरुको बोलीमा परिवर्तन आए पनि व्यवहारमा नदेखिएको उहाँले बताउनुभयो।

मकवानपुरको भीमफेदी गाउँपालिका-५, सुपिङको स्वास्थ्य चौकीबाट रिफर भई हेटौंडा अस्पतालमा जँचाउन आउनुभएकी मीरा पुडासैनीका अनुसार किशोर-किशोरीहरु घरपरिवारको दवाव, आर्थिक कमजोरीले समस्यामा पर्ने बताउनुभयो। यस्ता समस्याबाट जोगिन बालबालिका लागि विद्यालय तथा घरदैलो कार्यक्रममा सहभागी गराउन आवश्यक रहेको उहाँको भनाइ छ।

पहिलेको समयमा यस्ता क्रियाकलाप भए पनि अहिलेको समयमा बालविवाह हुन दिन नहुने हेटौंडा अस्पतालमा उपचार गर्न आउनुभएकी सुनिता राईले बताउनुभयो। नेपालको कानुन नेपालीहरुले मान्नुपर्ने उहाँले बताउनुभयो।

किशोरावस्थामा गर्भवती भई बच्चा जन्माउँदा पछि पाठेघरमा समस्या तथा अनेक रोगको संक्रमणको जोखिम हुने विशेषज्ञहरु बताउँछन्। किशोरीहरुले व्यक्तिगत स्वच्छतामा ध्यान पुर्‍याउन नसक्ने, व्यक्तिगत स्वच्छतासम्बन्धी ज्ञान नहुने, जन्मेको शिशुको हेरविचार गर्न नसक्ने, आमा र शिशु दुबैमा समस्या देखिने गरेको छ। किशोरीहरुले परिवारको दवाव वा स्वेच्छाले बालविवाह गर्ने गरेका भए पनि पछि धेरैले पश्चातापसमेत गर्ने गरेका छन्।

हेटौंडा अस्पतालमा ६ जना महिला तथा प्रसुति रोग विशेषज्ञ डाक्टरले सेवा प्रदान गरिरहनु भएको छ। डा. रामकाजी महर्जन, डा. राघवेन्द्र ठाकुर, डा. विदुर भण्डारी, डा. ज्योति मुडभरी, डा. अस्मिता ओली र डा. प्रशान्त शर्मा महिला तथा प्रसुति स्वास्थ्य विशेषज्ञको रुपमा हुनुहुन्छ। हेटौंडा अस्पतालले मंगलबार र शुक्रबार प्रसुतितर्फ शल्यक्रिया सेवा सञ्चालन गर्दै आएको छ।

# राष्ट्रियसभा सदस्य निर्वाचन आज



*भुटनदेवी माविमा तयार पारिएको मतदानस्थल ।*


समाज संवाददाता

हेटौंडाः आज बिहीबार राष्ट्रियसभा सदस्य निर्वाचन कार्यक्रमअन्तर्गत मतदान हुँदैछ। बागमती प्रदेशतर्फ खाली रहेको ४ सिटका लागि हेटौंडा-४ स्थित भूटनदेवी माविमा मतदान केन्द्र कायम गरिएको छ। बुधबार दिउँसो सर्वदलीय बैठक बसी निर्वाचनको तयारी पूरा भएको मुख्य निर्वाचन अधिकृत श्रीप्रसाद सञ्जेलले जानकारी गराउनुभयो। २ वटा मतदान केन्द्रमा ८ वटा मतादनस्थल रहेको छ, ४ वटा मतदानस्थलमा महिला र ४ वटा मतदानस्थलमा पुरुषले मतदान गर्नेछन्।

बागमती प्रदेशबाट १५ जना उम्मेदवार रहेका छन्। निर्वाचनका लागि सत्ता गठबन्धन दलबाट ४ जना, नेकपा एमालेका ४ जना, नेपाल मजदुर किसान पार्टीबाट ४ जना र राष्ट्रिय प्रजातन्त्र पार्टीका ३ जनाको उम्मेदवारी रहेको छ। बागमती प्रदेशमा महिला समूहका लागि ४ राजनीतिक दलका, दलित समूहका लागि ३ राजनीतिक दलका, अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक समुदायका लागि ४ राजनीतिक दलका र अन्य समूहका लागि ४ राजनीतिक दलका उम्मेदवार रहेका छन्।

निर्वाचनमा ३ सय ४७ जनाले मतदान गर्नेछन्। प्रदेशसभा सदस्य १ सय १० जना र १ सय १९ स्थानीय तहका प्रमुख र उपप्रमुख तथा अध्यक्ष र उपाध्यक्ष २ सय ३७ जनाले मतदान गर्नेछन्। मतदान बिहान ९ बजेबाट सुरु भई ३ बजे समापन हुनेछ। मतदान सकिएपश्चात् मतगणना सुरु गरिने र नतिजा साँझसम्म सार्वजनिक गरिने सञ्जेलले जानकारी दिनुभयो।

निर्वाचनमा सुरक्षाको तयारी पूर्णरुपले भएको प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेडाइले जानकारी गराउनुभयो। सुरक्षाका लागि नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी परिचालन हुने उहाँको भनाई छ। सुरक्षा टोलीले मतदानस्थल, मतदानमा खटिने कर्मचारी, मतदाता र उम्मेदवारको सुरक्षा गर्नुपर्ने उहाँले बताउनुभयो।




# भैंसे-भीमफेदी सडक कालोपत्रे सुरु, ५० प्रतिशत कार्य सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडाबाट काठमाडौं जोड्ने छोटो दुरीको सडकअन्तर्गत् भैंसे-भीमफेदी खण्डमा कालोपत्रे सुरु भएको छ। भैंसे-भीमफेदी खण्डको ११.५ किलोमिटर सडकमध्ये ५ किलोमिटर सडकमा कालोपत्र गर्ने कार्य सम्पन्न भएको भीमफेदी गाउँपालिका-४ का वडा अध्यक्ष सागर पाण्डेले जानकारी दिनुभयो।

बागमती प्रदेश सरकारको भौतिका पूर्वाधार विकास मन्त्रालयअन्तर्गत् रहेको सडक निर्माणको ठेक्का डीएस कन्ट्रक्सनले पाएको छ। कन्ट्रक्सनले ३८ करोड लागतमा निर्माणका लागि सडकको ठेक्का लिएको हो। सडक निर्माणका लागि ६१ करोड रुपैयाँको बोलपत्र आह्वान भएकोमा डीएस कन्ट्रक्सनले ३८ करोड रुपैयाँमा ठेक्का सकार गरेको हो।

उक्त सडक खण्डमा ५ वटा पुल पनि निर्माण भइरहेको छ। भीमफेदी गाउँपालिकाको वडा नम्बर ४ मा ३ वटा र वडा नम्बर ६ मा २ वटा पुल निर्माण हुँदैछ। पुल निर्माणको लागि ३८ करोड रकम प्रदेश सरकारले विनियोजन गरेको छ।

सडक निर्माणको कार्य द्रुत गतिमा भइरहेको अध्यक्ष पाण्डेले बताउनुभयो। ४ वर्षअघि नै सक्नुपर्ने निर्माण कार्य स्थानीयको विवादले रोकिएको बताउँदै उहाँले भन्नुभयो, 'यो सडक ४ वर्षअघि नै सम्पन्न हुनुपर्ने थियो। स्थानीयको विवादको कारण सडक निर्माणमा समस्या आएको थियो। सडकमा मानिसको घर पर्ने भएकाले मुआब्जाको माग गर्दै आएका थिए।' ४ नम्बर वडामा धेरै मानिसको घर पर्ने र आफू अध्यक्ष भएपछि स्थानीयसँग सहमति गरेर सडक निर्माण कार्यलाई अघि बढाइएको उहाँले बताउनुभयो। ऐलानी जग्गामा भएका घरको लागि राहतको व्यवस्था र नम्बरी जग्गामा परेका घरहरुको सरकारी मूल्यांकन गरी मुआब्जा दिने सहमपतिपछि सडक विस्तारको कार्य अगाडि बढेको उहाँको भनाइ छ।

भैंसे-भीमफेदी सडक खण्डमा ४ नम्बर वडामा २७ वटा, ६ नम्बर वडाको २ वटा घर सडकमा परेका थिए। वर्षाको सयममा सडकमा पहिरो खसेर बिग्रिने गरेको सडक निर्माण सम्पन्न भएसँगै ती समस्या समाधान हुने अध्यक्ष पाण्डेले बताउनुभयो। सडक निर्माणको क्रममा साना सवारी निर्माण सडकबाटै र अन्य ठूला खालका साधन खोलाको बाटो आवत-जावत भइरहेको छ।

# सम्पादकीय

## दुर्घटना कम गर्ने चुनौती

नेपालमा सडक दुर्घटनाबाट धेरै जनधनको क्षति हुने गरेको छ । सडक सञ्चालनको विकास र विस्तार एवम् सवारी साधनको संख्या वृद्धि हुँदै जाँदा दुर्घटनाको क्रम पनि उस्तै बढिरहेको छ । दैनिकरुपमा भइरहने सामान्य दुर्घटनाप्रति चासो र चिन्ता नलिए पनि धेरैको ज्यान जाने गरी हुने गरेका दुर्घटनाप्रति क्षणिक चिन्ता व्यक्त गरिन्छ । दुर्घटनाबारे अध्ययन तथा छानविन गर्न आयोग वा समिति पनि बनाइन्छ । समितिले छानविन गरी प्रतिवेदन पेश गर्ने बेलासम्म उक्त दुर्घटनालाई धेरैले बिर्सिसकेका हुन्छन् । जसरकारण समितिले बुझाएको प्रतिवेदनलाई दराजमा थन्क्याइन्छ । प्रतिवेदनलाई अध्ययन गरेर त्यसका सुझाव तथा सिफारिसलाई कार्यान्वयन गर्ने चासो देखाइँदैन । फेरि, धेरैको ज्यान जाने दुर्घटना भयो भने सोही प्रक्रियाले निरन्तरता पाउँछ । दुर्घटना अपर्झट हुने घटना हो । जुनसुकै सवारी साधन, जुनसुकै समय र जुनसुकै स्थानमा दुर्घटना हुनसक्ने भएकाले दुर्घटना अन्त्य नै गर्न नसकिए पनि कम गर्न अवश्य सकिन्छ । सडकमा हुने साना–ठूला सबै प्रकारका दुर्घटनालाई गम्भीररुपमा लिएर दुर्घटनाका कारण खोजी गरी प्रभावकारी उपाय अपनाउने हो भने यसालाई न्यूनीकरण गर्न सकिन्छ ।

धेरैवटा राजमार्ग र विभिन्न सडक सञ्जाल रहेको मकवानपुर जिल्लामा पनि थुप्रै सडक दुर्घटना हुने गरेका छन् । मकवानपुरका विभिन्न स्थानमा सवारी दुर्घटनामा परी ६ महिनामा ३२ जनाको मृत्यु भएको छ । चालु आर्थिक वर्ष २०८०/०८१ को पुस मसान्तसम्म विभिन्न दुर्घटनामा ३२ जनाको ज्यान गएको छ । साना–ठूला १ सय १० घटनामा १ सय ४४ वटा सवारी दुर्घटनामा परेका छन् । दुर्घटनामा ५० जना मानिस गम्भीर घाइते भएको र १८२ जना मानिस सामान्य घाइते भएको ट्राफिक प्रहरीको तथ्यांक छ । जिल्लामा भएको सवारी दुर्घटनाबाट गत साउनमा ३ जना, भदौमा एक जना, असोजमा ६ जना, कार्तिकमा ७ जना, मंसिरमा १२ जना र पुसमा ३ जनाको ज्यान गएको छ । विगतको तथ्यांकसँग तुलना गर्दा मकवानपुर जिल्लामा सवारी दुर्घटना र त्यसबाट हुने मानवीय क्षति उस्तै देखिएको छ । जिल्लामा गत आर्थिक वर्ष २०७९/०८० को पुस मसान्तसम्म एक सय ६६ वटा सवारी साधन दुर्घटना भएकोमा ३२ जनाकै मृत्यु भएको थियो । दुर्घटनामा एक सय २३ जना गम्भीर र एक सय ९८ जना सामान्य घाइते भएका थिए । अघिल्लो आर्थिक वर्ष २०७८/०७९ को पुस मसान्तसम्म मकवानपुरमा २ सय ९ वटा सवारी साधन दुर्घटना भएकोमा २९ जनाको मृत्यु भएको थियो । उक्त अवधिमा एक सय १ जना गम्भीर घाइते भएका थिए भने २ सय ५४ जना सामान्य घाइते भएका थिए ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरको तथ्यांकअनुसार सबैभन्दा बढी दुर्घटना मोटरसाइकलबाट भएको छ । सवारी दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले विभिन्न कार्यक्रम गर्दै आए पनि सवारी दुर्घटना घटेको छैन । मादक पदार्थ र लागू पदार्थ सेवन गरी सवारी साधन चलाउँदा धेरै दुर्घटना हुने गरेको प्रहरीले बताए पनि सवारी दुर्घटनाका कारणहरु धेरै छन् । सवारी चालकको लापरबाही, फितलो ट्राफिक व्यवस्थापन, जीर्ण र अवैज्ञानिक सडक पनि दुर्घटनाका प्रमुख कारण बन्ने गरेका छन् । यस्तै, बढ्दो सवारी साधनको चाप, साँघुरो बाटो, सवारी साधनको तीब्र गति, जथाभावी ओभरटेक गर्नु, ट्राफिक नियमको पालना नगर्नु र क्षमताभन्दा बढी यात्रु बोक्नु पनि दुर्घटनाका थप कारण हुन् । अझ सारमा भन्दा सडकको अवस्था, चालकको लापरवाही, चालक तथा व्यवसायीको पैसा मोह, यात्रुमा चेतनाको अभाव, ट्राफिक प्रहरीको उदासिनता नै सडक दुर्घटनाका प्रमुख कारण हुन् ।

सडक सवारी दुर्घटनाका अनेकौं कारण भए पनि दुर्घटना न्यूनीकरणमा सवारी चालकको भूमिका सबैभन्दा बढी हुन्छ । हरेक चालकले सम्भावित दुर्घटनाप्रति सचेत र गम्भीर भएर सवारी चलाउने हो भने दुर्घटना धेरै कम गर्न सकिन्छ । सवारी दुर्घटनाका कारणहरु हटाएर दुर्घटना कम गर्ने चुनौती छ । सवारी दुर्घटनाको महत्वपूर्ण कारण मानिएको मानवीय त्रुटी (चालकको लापरबाही) कम गर्न चालक सचेत हुनुपर्छ भने त्यसको नियमन राज्यका निकायले गर्नुपर्छ । चालकलाई सचेत बनाउन बेला–बेलामा प्रशिक्षण दिने, ठाउँ–ठाउँमा जाँच गर्ने, नियमविपरीत काम गर्नेमाथि कारवाही गर्ने, दूरीअनुसारको यात्राका लागि समय तोक्ने, ठाउँ–ठाउँमा रिफ्रेस सेन्टर स्थापना गर्नेलगायतका कामलाई प्रभावकारी बनाउन सकिएमा सडकमा हुने सवारी दुर्घटना न्यूनीकरण गर्न सकिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : वैदेशिक प्रयोजनका कामहरुबाट लाभ प्राप्त होला ।
**वृष** : व्यापार–व्यवसायका कामबाट सतर्कता अपनाउनुपर्ला ।
**मिथुन** : प्रशंसा र सुझाव दुवै प्राप्त हुने समय योग छ ।
**कर्कट** : धार्मिक र आध्यात्मिक कामबाट रुची बढ्ने छ ।
**सिंह** : प्रेम प्रसंगका काममा मन हलुका होला ।
**कन्या** : स्वास्थ्य सम्बन्धी समस्याबाट बच्नुपर्ने छ ।
**तुला** : धार्मिक एवं सामाजिक काममा सरिक भइने छ ।
**वृश्चिक** : धार्मिक र आध्यात्मिक काममा सरिक भइने छ ।
**धनु** : प्रतिस्पर्धाका काममा विजय हासिल होला ।
**मकर** : स्वास्थ्य स्थितिप्रति ध्यान केन्द्रित होला ।
**कुम्भ** : कामको दबाब कम र मनोरञ्जनमा केन्द्रित ।
**मीन** : व्यापार–व्यवसायका कामबाट लाभ प्राप्त होला ।

# कुन विष खतरनाक : धर्मान्तरण कि धर्मतन्त्र ?



**विनोद त्रिपाठी**

सन् २००१ मा भारतमा 'गदर' फिल्म निर्माण भएको थियो । यो फिल्मको मुख्य कथा सन् १९४७ अगस्त १४ मा कसरी भारतबाट टुक्रिएर पाकिस्तान बन्यो, पाकिस्तान अलग बनाउन ब्रिटिसले कस्तो भूमिका खेल्यो भन्ने सम्बन्धमा छ । फिल्मको कथा केही काल्पनिक भए पनि यसको अन्तर्यमा हिन्दु-मुस्लिमको भिडन्तमा मुलुक टुक्रिएको भन्ने स्पष्ट बुझ्न सकिन्छ। भलै, यो विषयमा भारतका इतिहासकारले मुगल राज्यहरूलाई एकीकरण गरेर ब्रिटिस सरकारले भारतका हिन्दुलाई फेरि शक्तिमा पुऱ्याएको पनि व्याख्या गरेका छन् । तर, भारतबाट पाकिस्तान र पाकिस्तानबाट बंगलादेश निर्माण हुनुको मूल कारण धर्मतन्त्र थियो । यसका विविध तथ्य भारतको इतिहासमा छर्लङ्ग छ ।

धर्मतन्त्रले विश्वमा कैयौं मुलुक तहसनहस मात्र बनेनन्, आन्तरिक चरम दरिद्रमा जाकिएका छन् । यसका केही उदाहरण दक्षिण एसियामै फर्केर हेर्न सकिन्छ। अफगानिस्तान कुनै बेला सामाजिक स्वतन्त्रतामा निकै अब्बल थियो । यहाँ यहुदी, मुस्लिम, इसाई र केही हिन्दुहरूको सम्मिश्रण समाज निर्माण थियो। महिलाहरुको स्वतन्त्रता सोभियत संघ हालको रुसमा झैं बराबरी थियो । त्यो बेला नै रुसले अफगानिस्तानलाई आफ्नो हिस्सा बनाउन चाहन्थ्यो। सन् १९७८ मा पिपुल्स डेमोक्रेटिक पार्टी अफ अफगानिस्तान (पीडीपीए) स्थापना गर्न रुसले मद्दत गऱ्यो। तत्कालीन राष्ट्रपति मोम्मद दाउद खानलाई विस्थापित गरेर अफगानिस्तानमा कम्युनिस्टले सत्ता हत्यायो। यो कालखण्डमा अफगानिस्तानको सामाजिक परिवेश खुला मात्र थिएन, छात्र-छात्रालाई समान शिक्षा र अवसर पनि थियो।

जब सन् १९९२ मा पीडीपीए दललाई सत्ताच्युत गरेर मुस्लिम संगठनहरुले शासन सञ्चालन गरे, त्यसपछि यो देश पूरै अन्धकारमा भासियो । यो भन्दाअघि अफगानिस्तानमा एकल धर्मको शासन थिएन । त्यसपछि विभिन्न खाले उस्तै प्रकृतिका मुस्लिम धार्मिक संगठनहरूले पालैपालो अफगानिस्तानमा शासन गर्दै आएका छन्। हाल यहाँ बहुसङ्ख्यक पस्तुन छन् भने अन्य समुदाय पनि मुस्लिम धर्म बाहेकका घेराबाट बाहिर जान सक्दैनन् । बन्द समाजभित्र चलिरहेको हालको अफगानिस्तानमा महिलालाई शिक्षामा पूर्ण बन्देज छ भने बेरोजगार ८५ प्रतिशतसम्म पुगेको छ ।

दक्षिण एसियामा प्रभुत्व जमाएर बसेको मुलुक हो भारत। तर यो मुलुकभित्रका आफ्नै व्यथा छन्। सन् १७०७ सम्म यहाँ २१ वटा मुगल शासनका कोलोनी थिए। पछि मुगलहरूको आन्तरिक झगडाले यी राज्यको सङ्ख्या ६०० भन्दा बढी पुगेको तथ्य पाइन्छ । ब्रिटिसले शासन गर्नुअघि मुगलहरूको आधिपत्य रहेको भारतमा सन् १५२६ अघि भने विभिन्न राज्यहरूमा विविध धर्मका शासकको बाहुल्य थियो । यिनै राज्यहरुमध्ये कुनै बेलाको फैजाबाद जिल्लालाई अहिले अयोध्या जिल्ला नामकरण गरियो र यसको हेडक्वार्टर पनि अयोध्या राखियो ।

हिन्दु मुस्लिमको तानातान र मिश्रित शासनले भारतले एकल धर्म राज्य घोषणा कहिल्यै गरेन । यो कालखण्डसम्म ठिकठिकै थियो भारत । ब्रिटिसले ठुला विकास निर्माण गरिदियो, रेल गुडाइदियो र सन् १९४७ मा ब्रिटिस शासकहरू आफ्नै मुलुक बेलायत फर्किए । त्यसपछि भारतमा चलेको धार्मिक शीतयुद्ध र सामाजिक हिंसाले हालसम्म धेरै हद पार गरिसकेको छ। यो अवधिमा खालिस्तानदेखि कस्मिर, गोवादेखि अरुणाञ्चल, मणिपुर क्षेत्रहरु अलग्ग देशका रुपमा टुक्रिन सक्ने अवस्था पनि सिर्जना भयो । भलै अहिले पनि यी राज्यहरुमा ठुलो आन्तरिक संघर्ष जारी छ।

जब सन् १९८० मा भारतीय जनता पार्टी (बीजेपी) स्थापना भयो र यो पार्टीले निरन्तर एउटै मुद्दा बोकेर राजनीति सुरु गरिरह्यो। हालसम्म यो पार्टीको विधानमा मुल मुद्दा भनेको भारतको हिन्दुकरण र दक्षिण एसियामा हिन्दुत्व आधिपत्य स्थापना गर्नु निरन्तर रूपमा राखिएको छ । यही मुद्दालाई बोकेर बीजेपीले सन् १९८४ मा देशभर हिन्दु धर्मलाई फैलाउन रथयात्रा सुरु गऱ्यो । यहीबिचमा सन् १९८४ अक्टोबर ३१ मा कंग्रेस आई नेतृ इन्दिरा गान्धीको मृत्यु भयो। एकातिर, कांग्रेसलाई आफ्नो संस्थापक नेता गुमाउनुपरेको अवस्था थियो भने यही अवधिमा बीजेपी देशभर राजनीतिक मुद्दा बोकेर कुदिरहेको थियो। यही वर्ष भएको लोकसभा चुनावमा बीजेपीले दुई सिट जित्न सफल भयो । यहीँबाट सुरु भएको भाजपाको राजनीतिकयात्रा आजपर्यन्त जारी छ। यही शक्तिको आडमा सन् २०२४ जनवरी २२ मा स्थापित अयोध्याको राम मन्दिरमा प्राण प्रतिष्ठा भर्ने अभियान चलाएर भाजपाले धर्मतन्त्रको बिजारोपण सुरु गरिदिएको छ।

हिन्दु धर्मका विभिन्न गन्यमान्य शंकराचार्यहरूले बहिष्कार गरेको यो प्राण प्रतिष्ठा कार्यक्रमले भारतमा एकखाले कित्ताकाटको अवस्था सिर्जना गरिदिएको छ। खासगरी यो कार्यक्रम सुरु हुनु एक दिनअघि कंग्रेस अध्यक्ष राहुल गान्धीले एक वक्तव्य जारी गर्दै भनेका थिए, 'भारतको सनातन धर्ममाथि बीजेपीले विभेदको सुरुवात गरेको छ।'

हुन त, भारतले हिन्दु धर्मलाई आफ्नो पेवा सम्झे पनि नेपाल मौलिक रूपमा पहिल्यै सनातन धर्ममा बलियो रहेको छ। नेपालमा राजा महेन्द्रले २०१९ सालको संविधानमा हिन्दु राष्ट्र नेपाल राखेपछि भारत चिढिएको थियो। त्यहीबेला जवाहर लाल नेहरुले भारतको समानान्तरण नाम हिन्दुस्तान बनाउने घोषणा लोकसभामा प्रस्तुत गरे। भारतको संविधानमा दुईखाले शब्दलाई जबरजस्त राखिएको छ- पहिलो,

....बाँकी पृष्ठ ३ मा

# शरीरमा के कस्तो प्रतिक्रिया हुन्छ, जब हामी तनावमा हुन्छौं ?

तनाव एक भावनात्मक स्थिति हो। जब हामी तनावको स्थितिमा हुन्छौं यसले मनलाई मात्र निचोर्दैन, मुटु, मिर्गौला, पाचनयन्त्र र स्नायुतन्त्रको कार्य प्रणालीमा पनि असर गर्छ।

**आखिर मनमा हुने तनावले तनको संयन्त्रलाई कसरी सताउँछ ?**

जब हामी तनावमा हुन्छौं, हाम्रो मस्तिष्कमा रहेको पिट्युटरी ग्रन्थीले 'कार्टिसोल' रासायनिक पदार्थको उत्पादनलाई बढाउँछ । यसलाई चिकित्सकहरु 'स्ट्रेस हार्मोन' भन्ने गर्छन्। अर्थात् हामीलाई तनाव बढाउनुमा यही हार्मोनको भूमिका छ।

यद्यपि कार्टिसोल हार्मोन नै सम्पूर्ण खराब भन्ने होइन । यो एक शरीरका लागि जरुरी हार्मोन हो । मुटुको चाल, खाना पच्ने प्रक्रिया, शरीरमा चिनीको व्यवस्थापन, थाइराइडको व्यवस्थापनमा यही हार्मोनले काम गरिरहेको हुन्छ। तर जब यो धेरै वा थोरै उत्पादन हुन्छ, त्यसले समस्या निम्त्याउँछ।

खासगरी तनाव प्रतिक्रियाका लागि यही हार्मोन जिम्मेवार मानिन्छ । यसरी हामी तनावको स्थितिमा हुँदा शरीरभित्रको रसायनिक प्रतिक्रिया नै खलबलिन पुग्छ। कार्टिसोलको बढोत्तरीले गर्दा हाम्रो शरीरको रोगसँग लड्ने क्षमता कमजोर हुनपुग्छ । यसले भाइरल संक्रमणको जोखिम पनि बढाइदिन्छ।

तनावको स्थिति लामो समयसम्म रहँदा छाला चाहुरिन थाल्छ । छालामा बुढ्यौलीका संकेत देखापर्न थाल्छ । मस्तिष्कमा यसको असर अरु बढी हुन्छ। हामी बिस्तारै स्मरण क्षमता गुमाउन पुग्छौं। हामी जति जति तनावग्रस्त बन्छौं, शरीर उत्ति नै शिथिल र कमजोर हुँदै जान्छ । यसले साइकोलोजिक डिस्ट्रेस,



डा. सगुनबल्लभ पन्त

एन्जाइटी, डिप्रेसन, कडा प्रकृतिका मानसिक रोग साइकोसिस र आत्महत्या समेत निम्त्याउन सक्छ ।

किन हुन्छ तनाव ?

तनाव स्वतःस्फूर्त प्रक्रिया हो । संसारमा करिब आठ अर्ब मान्छे छन् । यसमध्ये कोही त्यस्ता नहोलान्, जो पूर्ण रुपमा तनावबाट मुक्त छन् । तनाव सबैलाई हुन्छ। तर तनावको स्थिति, कारण र प्रभाव भने मान्छेमा एकनास हुँदैन ।

कसैलाई ऋण तिर्नुपर्ने हुन्छ, कसैलाई रोगको उपचार गराउनुपर्ने हुन्छ, कसैलाई मुद्दा मामिला किनारा लगाउनुपर्ने हुन्छ। कसैलाई अपुग भएर तनाव हुन्छ, कसैलाई पुगिसरी भएर तनाव हुन्छ । बालबच्चालाई विद्यालय जानुपर्ने कुराले तनाव हुन्छ, किशोरकिशोरीलाई करिअरको कुराले तनाव हुन्छ, युवालाई प्रेम र विवाहको कुराले तनाव हुन्छ । तनाव उमेरअनुसार पनि फरक हुन्छ तर तनावबाट टाढा कोही हुँदैन।

भोकको स्थितिमा पनि हामीलाई एक किसिमको तनाव हुन्छ । कुनै नतिजाको पर्खाइमा बस्दा पनि तनाव हुन्छ। तनाव त हुन्छ नै, तर त्यसलाई कति वा कसरी लिने भन्ने कुरा महत्वपूर्ण हो। तनावलाई हामीले आफ्नो जीवनबाट पूर्णतः अलग गर्न सक्दैनौं । त्यसलाई व्यवस्थापन गर्ने हो।

हाम्रो शरीरभित्र कति विकार हुन्छ। दिसा-पिसाब, खकार, पसिना, दुर्गन्ध । यी सबैकुरालाई हामी पूर्ण रुपमा हटाउन सक्दैनौं, केवल व्यवस्थापन गर्ने हो। तनाव पनि मनको विकार हो। यसलाई हटाउने होइन व्यवस्थापन गर्ने हो।

**कसरी गर्न सकिन्छ तनाव व्यवस्थापन ?**

तनाव मानसिक स्वास्थ्यसँग जोडिएको कुरा हो। जब हामी मानसिक रुपले बलियो वा स्वस्थ हुन्छौं, तनावले हामीलाई उति धेरै पिरोल्दैन।

मानसिक रुपमा स्वस्थ हुनका लागि हामीले त्यस्तो काम-व्यवहार गर्नु हुँदैन, जो तनावको कारण बन्छ। जस्तो हामी परीक्षामा असफल भयौं। त्यसले तनाव दिन्छ। तर हामीले मिहिनेतसाथ पढेको भए यस्तो नतिजा आउने नै थिएन।

हामीले रातभर अनियन्त्रित रुपमा रक्सी पियौं भने भोलि त्यही कुरा हाम्रो तनावको विषय बन्छ । रक्सी नपिएको भए ? तनाव हुने नै थिएन। कुनै निहुँमा हामी घरझगडा गर्छौं । त्यही झगडाले हामीलाई तनावग्रस्त बनाउँछ।

यसरी काममा, करिअरमा, व्यवहारमा, सम्बन्धमा गरिने कतिपय गलत कुराले हामीमा तनाव पैदा गर्छ। त्यसबाहेक संगतले, बाहिरी वातावरणले, सम्बन्धले, व्यवहारले हामीलाई तनावको स्थितिमा पुऱ्याउँछ। यी सबै स्थिति आउन नदिन संयमित, सन्तुलित र सदाचार जीवनशैली अपनाउनुपर्छ । त्यससँगै पारिवारिक सम्बन्ध सुमधुर बनाउन सके, साथीभाइसँग सन्तुलित सम्बन्ध राख्न सके, व्यवहार पारदर्शी र प्रष्ट गर्न सके हामीमा तनाव आउने बाटो त्यति हुँदैनन् । तनावलाई यसरी नै तह लगाउने हो।

त्यसबाहेक केही यस्ता शारीरिक अभ्यास छन्, जसले तनावको स्थितिमा हामीलाई केही सान्त्वना दिन्छ । जस्तो गहिरो श्वासप्रश्वास लिने, मनलाई मनोरञ्जन वा आफूलाई खुसी लाग्ने कुरामा भुलाउने, मनपर्ने पुस्तक पढ्ने, फिल्म हेर्ने, मीठो खानेकुरा बनाउने, खाने ।

तनाव व्यवस्थापनका लागि हामीले आफूलाई अनुशासनमा राख्नुका साथै खुसी र उत्साहित हुने कुरामा समाहित हुन जरुरी छ।

इर्ष्या नगर्ने, धेरै महत्वाकांक्षी नहुने, हरेक कुरामा प्रतिक्रिया नजनाउने, सधैं सकारात्मक रहने, सबैप्रति सम्मान गर्ने जस्ता प्रवृत्तिले धेरै हदसम्म तनाव कम गर्छ। तनाव निकै विषालु हुन्छ। हामी ठान्छौं, यो मनको कुरा त हो नि। तर यसले तनलाई नै घाइते बनाउँछ। त्यसैले तनावलाई व्यवस्थापन गर्नैपर्छ।

*(आर्यन धिमाल/अनलाइनखबर)*

# सहिद स्मारकमा बुद्धपार्क



*बुद्धपार्कका मूर्ति अनावरण गर्नुहुँदै डोरमणि पौडेल ।*

समाज संवाददाता

हेटौँडाः हेटौंडा-११ स्थित सहिद स्मारकमा बुद्ध पार्क उद्घाटन गरिएको छ । बागमती प्रदेशका प्रथम मुख्यमन्त्री एवम् सहिद स्मारक विकास समितिका अध्यक्ष डोरमणि पौडेलले बुधबार पार्कको उद्घाटन गर्नुभएको हो । पार्क उद्घाटनपछि पौडेलले एउटा महत्वपूर्ण कार्य भएको बताउनुभयो । उहाँले सहिद सप्ताहका अवसरमा एक हप्तासम्म हुने कार्यक्रममा सहभागी हुन सबैलाई आग्रह गर्नुभयो ।

पार्कमा गौतम बुद्ध जन्मेपछि हिँडेको बुद्धको मूर्ति देख्न सकिन्छ । सोही स्थानमा गौतम बुद्धकी माता मायादेवी, ब्रम्हा र इन्द्रको मूर्ति पनि राखिएको छ । समितिले सहिद दिवसलाई सप्ताहव्यापी मनाउने कार्यतालिका अनुसार बुधबार पार्कको उद्घाटन गरिएको सचिव रघुनाथ खुलालले जानकारी दिनुभयो । सहिद सप्ताहअन्तर्गत बिहिबार कृषि हस्तकला तथा पर्यटकीय वस्तुहरुको प्रवर्द्धन मेलाको शुभारम्भ, विविध साँस्कृतिक कार्यक्रम तथा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम, शुक्रबार वडास्तरीय नृत्य प्रतियोगिता, शनिबार रक्तदान कार्यक्रमसँगै "सहिद र मदन भण्डारीको सपना साकार पार्नका लागि नवयुवाको भूमिका" विषयक् वक्तृत्वकला प्रतियोगिता हुनेछ ।

माघ १४ गते आइतबार वडास्तरीय वक्तृत्वकला प्रतियोगिता, माघ १५ गते सोमबार राष्ट्रिय कलाकारहरुको साँस्कृतिक कार्यक्रम तथा पुरस्कार वितरण र शिक्षक खुल्ला दौड प्रतियोगिता तथा अन्तिम दिन माघ १६ गते प्रभातफेरी, सहिदप्रति सलामी, श्रीचन्द्र शर्मा स्मृति सम्मान पुरस्कार वितरण, प्रवचन तथा समापन कार्यक्रम हुने सचिव खुलालले जानकारी दिनुभयो ।

## कुन विष खतरनाक...

भारत र दोस्रो हिन्दुस्तान । यसैको आडमा गत वर्ष प्रधानमन्त्री नरेन्द्र मोदीले अखण्ड भारतको एउटा नक्सा सार्वजनिक गरेर दक्षिण एसियामा संशयको वातावरण तयार गरिदिएका थिए । उनको उद्देश्य थियो, हिन्दु धर्मको धर्मतन्त्रलाई दक्षिण एसिया हुँदै विश्वभर फैलाउनू । यो विषय स्वयं उनले गत वर्ष नै बेलायत भ्रमण गर्दा त्यहाँ रहेका भारतीयको भेलामा खुला रूपले उद्घोष गरेका थिए ।

नेपाल र भारतमा समान एउटा विषय सधैँ पेचिलो बन्दै आएको छ, त्यो हो धर्मान्तरण । यी दुवै देशमा धर्म परिवर्तन गराउनेलाई कारबाही गर्ने बुँदाहरू संविधानमै लिपिबद्ध गरिएको छ । अब एकछिन धर्मान्तरणको विषयमा प्रवेश गरौँ । हिन्दु धर्मलाई सनानत धर्मको रूपमा व्याख्या गरिन्छ । किनकि, यसको उत्पत्ति र सुरुवातको कुनै मिति नै छैन । अर्थात् विश्वमा सबैभन्दा पुरानो धर्मको रूपमा हिन्दु र योसँग जोडिएको सनातन आदर्शलाई मानिन्छ ।

सन् १९४५ मा संयुक्त राष्ट्रसंघ स्थापना भएपछि विश्वभर स्वतन्त्र र सार्वभौम देशहरुको अस्तित्वका लागि युद्धहरु भए । विभिन्न देशहरु टुक्रने र जोडिने क्रम यही अवधिमा तीव्रता छायो । योबिचमा करिब ५० मुलुकहरूले मुस्लिम राष्ट्र घोषणा गरे । सयभन्दा बढी मुलुकहरू इसाई धर्मका नामबाट फैलिँदै गए । तर, पृथ्वीमा मानव जातिको सुरुवातबाटै मानिआएको सनातन हिन्दुको फैलावट दक्षिण एसियाभन्दा बाहिर जान सकेन । वर्तमान अवस्थामा पनि विश्वमा नेपाल र भारत मात्र हिन्दु राष्ट्र बनेर चिनिएका छन् । हुन त मौरिसस लगायत मुलुकमा पनि हिन्दुको सङ्ख्या बढेको छ । तर, तुलनात्मक रूपमा हिन्दुभन्दा कान्छा धर्महरूमा आएको व्यापकता र हिन्दु धर्म सीमित घेरामा मात्र रहनुका गहन अर्थहरू फेरि उधिन्नुपर्ने अवस्था सिर्जना भएका छन् ।

धर्मान्तरण नहुने हो भने अन्य धर्मका व्यक्तिहरुले कसरी हिन्दु धर्ममा फर्कने ? यो प्रश्न नेपाल र भारतका हिन्दु मठाधीशहरुतर्फ नै फर्कन्छ । कि अन्य धर्मका व्यक्तिहरु हिन्दु धर्ममा फर्कन नपाउने हुनुपर्‍यो, कि त धर्मान्तरण स्वीकार गर्नुपर्‍यो । यदि धर्मान्तरण भएन भने हिन्दु धर्म संसारभर फैलिन्छ कसरी ? सन्दर्भ चीन, रुस, अस्ट्रेलिया, स्विजरल्यान्ड लगायत मुलुक जहाँ बहुसङ्ख्यक नन-रिलिजन जनता भएका देशहरुको होइन । प्रश्न धर्मतन्त्र चलाउने उद्देश्य बोकेको भारतका लागि हो । बीजेपीले भनेझैँ सनातन हिन्दु धर्मलाई व्यापकता बनाउने हो भने धर्मान्तरण नभई हिन्दुको फैलावट कसरी सम्भव छ ?

यो आलेखमा कुनै धर्मको प्रचार वा कुनै धर्मप्रति घृणा बिलकुल होइन । स्वयं यो पङ्क्तिकार पनि खुला धर्मको मान्यता राखेर आफ्नो सनातन धर्ममा विश्वास राख्ने भएकाले यसका मूल्य-मान्यतालाई विश्वमाझ विश्वास जित्न कति खुला हृदय चाहिन्छ भन्ने अर्थ मात्र हो । खासगरी, नेपाल भारतका धर्म, जातजाति र सम्प्रदायबिचको मतभिन्नता, भेदभाव, कमजोर सोचमा धेरै हदसम्म समानता छ । यसबाट पीडित शासकहरू कहिल्यै भएनन् । जनता नै कुनै न कुनै रूपमा कर्नरमा लखेटिएका पक्कै हुन् ।

भारतले कुनै बेला भुटानलाई हिन्दुकरण गर्न बजेट नै विनियोजन गरेको थियो । तर, सन् १९९८ मा भुटानका राजाले बुद्ध दर्शनबाट हामी हाम्रो समृद्धिको यात्रा तय गर्नेछौँ, तपाईंहरुले हामीसँग धर्मका मुद्दा नछिराउनुहोला भनेर दिल्लीमा पत्र पठाएका थिए । फलस्वरूप आजसम्म भुटान धर्मका मामिलामा कहिल्यै विवादमा परेन । उता बंगलादेश मुस्लिम मुलुक भए पनि शासन र राजनीतिमा भारतले सधैँ निर्देशन जारी गर्छ । पाकिस्तानबाट अलग गराउने भूमिकामा भारतले बंगलादेशलाई सहयोग मात्र गरेन, हिन्दु धर्मावलम्बीलाई बंगलादेशमा सहजीकरण गर्न भारत सधैँ निर्णायक बन्दै आएको छ । उता माल्दिभ्समा भारतले सन् १९९७ मा हिन्दु धर्मको मुद्दा संसद्मा लान तत्कालीन सरकारलाई एक दबाबपत्र पठायो । तर, मुस्लिम मुलुक माल्दिभ्सले त्यसलाई इन्कार गरिदियो । अहिले पुनः यही मुद्दालाई लिएर मोदी सरकार माल्दिभ्ससँग चिढिएको छ ।

केही दिनअघि मात्र माल्दिभ्स सरकारले सन् २०२४ मार्च १५ सम्म सम्पूर्ण भारतीय सेनाले आफ्नो जमिन छोड्न अल्टिमेटम दिइसकेको छ । यसको कारण के थियो भने मोदीले माल्दिभ्सको अधीनमा रहेको लक्ष्यद्वीप क्षेत्रलाई पकडमा राख्ने प्रयत्न गर्नु । मोदी सरकारले लिएको रणनीतिको विरोधमा यतिबेला माल्दिभ्समा 'इन्डिया आउट' अभियान सुरु गरिएको छ ।

उता, श्रीलंकामा भारतले आर्थिक सहयोग दिएको नाममा सुरु गरेको राजनीति हस्तक्षेप चकनाचुर बनेको छ । सन् २०१९ मा विश्वभर फैलिएको पहिलो कोभिड भाइरसले थलिएको श्रीलंकाको अर्थतन्त्रमा भारतले एक खाले सौदाबाजी खेल्दै धर्मतन्त्रको अभ्यास सुरु गरेको थियो, तर एक वर्षपछि श्रीलंका सरकारले चीनसँग पुनः हात अघि बढायो र भारतको सहयोगलाई इन्कार गरिदियो । अहिले श्रीलंकाको अर्थतन्त्र पुनः पहिलेको अवस्थामै तङ्गिन थालिसकेको छ भने पर्यटन क्षेत्रले उत्साहजनक रूपमा आर्थिक उपार्जन गरिरहेको छ ।

अतः दक्षिण एसियामा भारतले अभ्यास थालेको धर्मतन्त्रले यतिबेला त्यही बिन्दुमा प्रहार गरेको छ, जहाँ भारतले नै निषेध गरेको धर्मान्तरणलाई पुनः ब्युँझाइदिएको छ । इन्डोनेसिया, मलेसिया लगायत बहुसङ्ख्यक मुस्लिम समुदाय भएर पनि खुला परिवेश र मजबुत अर्थतन्त्र बनाउन सफल मुलुक हाम्रा सामुन्ने केही उदाहरण छन् ।

उता, धर्मलाई राजनीतिमा घोलेर शासन गर्ने अफगानिस्तान र पाकिस्तान पनि हाम्रासामु अर्को उदाहरण नै हुन् । यता, भारतले दबाब सिर्जना गरेको हिन्दुत्वको धर्मतन्त्रले कतै नेपालको सनातन पहिचानमाथि धावा बोल्ने त होइन र एक जब्बर धर्मको अन्धकारमा जाकिने त होइन, हालैको अयोध्यामा देखिएका दृश्यले शंका उत्पन्न गराएको छ । स्वयं भारत धर्मबाट परेसान छ भने कतै त्यही टेन्सनको वातावरण नेपाल भित्रिन त सक्दैन, फेरि एकपटक नेपालीले अतीतकै धार्मिक सहिष्णुता सोचहरुमा फर्कनुपर्छ । किनकि २०१९ सालमा हिन्दु राष्ट्र बनेको होस् वा त्यसअघिको धर्मनिरपेक्षता नेपाल भएको अवधि होस् नेपाल सधैँ धर्मका सन्दर्भमा शान्तिभूमिको रूपमा आफ्नो परिचय बोकेर चिनियो । यही परिचय कायम राख्न नेपाललाई न धर्मान्तरण आवश्यक छ न त धर्मतन्त्र । *(स्रोतः रातोपाटी)*

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# चैनपुर जेसीीज मनहरीको अध्यक्षमा ढकाल पदस्थापित

समाज संवाददाता

रजैया (मनहरी): मकवानपुरको पश्चिमी क्षेत्रका युवाहरुलाई समेट्दै स्थापना भएको चैनपुर जेसीज मनहरीको वर्ष सन् २०२४ को अध्यक्षमा रविन ढकाल पदस्थापित हुनुभएको छ । मंगलबार साँझ भएको प्रथम पदस्थापन तथा पुरस्कार वितरण कार्यक्रमका बीच संस्थापक अध्यक्ष गणेशदर्पण अधिकारीले ढकाललाई अध्यक्षको माला हस्तान्तरण गर्दै अध्यक्षमा पदस्थापित गराउनुभयो ।

जेसीजको साधारणसभाबाट कार्यकारिणी उपाध्यक्षमा सुरेश गौतम र महेश खुलाल तथा उपाध्यक्षमा नवराज रिजाल, उज्वल बिष्ट, हरिशरण शिवाकोटी र जयराम रिजाल सर्वसम्मत चयन भएका थिए । अध्यक्ष ढकालले कानूनी सल्लाहकारमा श्रीराम खड्का, महासचिव कृष्णप्रसाद ढकाल, कोषाध्यक्ष मिलन ढुंगाना, सचिव मनोज चौलागाईं, शाखा सम्पादक राजु सुवेदीलाई मनोनित गर्नुभएको छ ।

नगद १० हजार रुपैयाँ राशीको माधवप्रसाद ढकाल स्मृति चैनपुर जेसीज मनहरी पत्रकारिता पुरस्कारबाट पत्रकार सुवास बिडारीलाई सम्मान गरिएको छ । जेसीजका संस्थापक अध्यक्ष गणेशदर्पण अधिकारीले प्रत्येक वर्ष पदस्थापन कार्यक्रममा दिने गरी आफ्नो छोरीको नामबाट सुविज्ञाश्री शैक्षिक प्रोत्साहन पुरस्कार घोषणा गर्नुभएको छ । मनोज बिष्टको संयोजकत्वमा भएको कार्यक्रममा मनहरी गाउँपालिका अध्यक्ष रन्जन कालाखेतीको प्रमुख आतिथ्य रहेको थियो । कालाखेतीले मनहरी क्षेत्रमा युवा र सामाजिक क्षेत्रमा काम गर्ने युवाहरुको संस्था थपिएकोमा खुसी व्यक्त गर्दै सहकार्यका लागि तयार रहेको बताउनुभएको छ । गाउँपालिका उपाध्यक्ष सीता पुलामी मगरले संस्थालाई महिलामैत्री बनाउन सुझाव दिनुभएको छ ।

# ३८ जनाको आँखाको निःशुल्क शल्यक्रिया

समाज संवाददाता

हेटौंडाः हेटौंडा सामुदायिक आँखा अस्पतालले ३८ जनाको आँखाको निःशुल्क शल्यक्रिया गरेको छ । शुक्रबार हेटौंडा-१३ स्थित पदमपोखरी अस्पतालमा भएको स्वास्थ्य शिविरबाट पत्ता लागेका ५१ जना मोतिविन्दुका बिरामीमध्ये बुधबार ३५ जनाको शल्यक्रिया भएको हो ।

मोतिविन्दु पहिचान भएका बाँकी १६ जनामा मधुमेह तथा रक्तचाप भएका कारण पछि शल्यक्रिया हुने पदमपोखरी अस्पतालका सिनिएर अहेव शेरबहादुर ब्लोनले जानकारी दिनुभयो । शिविरमा आँखा जँचाएका एक सय ५० जनामध्ये ५१ जनामा मोतिविन्दुको समस्या देखिएको थियो । शिविर फाउण्डेसन र बयोधा अस्पतालको संयुक्त सहकार्यमा भएको थियो । शिविरमा हेटौंडा सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोग रहेको थियो ।

शिविर भएकै दिन पदमपोखरी अस्पतालको उद्घाटन भएको थियो । गत महिनादेखि सञ्चालनमा आएको अस्पताल शुक्रबार हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामाले औपचारिक उद्घाटन गर्नुभएको हो ।

# विद्यार्थीलाई न्यानो कपडा

समाज संवाददाता

हेटौँडाः मकवानपुरको मकवानपुरगढी गाउँपालिका-४ स्थित प्रतिभा आधारभूत विद्यालयका विद्यार्थीलाई न्यानो कपडा वितरण गरिएको छ । स्थानीय सर्कलाल लोले विद्यालयमा अध्ययनरत २३ जना विद्यार्थीलाई ऊनीको स्वेटर र टोपी वितरण गर्नुभएको हो । नेपाल आदिवासी जनजाति महासंघ मकवानपुरगढी गाउँ समितिको अध्यक्ष समेत रहनुभएका लोले विपन्न वर्गका बालबालिकालाई सहयोग गरेको बताउनुभएको छ ।

३ कक्षासम्म पठनपाठन हुने विद्यालयमा २३ जना मात्रै विद्यार्थी छन् । पहाडी भुगोल र नजिकै हेटौंडा बजारमा तीव्र बसाइसराईका कारण विद्यालय क्षेत्र आसपासको बस्ती खाली हुँदै गएपछि विद्यार्थीको संख्या घट्दै गएको प्रतिभा आधारभूत विद्यालयका प्रधानाध्यापक साधुराम पुडासैनी बताउनुहुन्छ । १३० जनासम्म विद्यार्थी भर्ना भएका विद्यालयमा अहिले विद्यार्थी अत्यन्त न्यून संख्यामा रहेको उहाँको भनाइ छ ।

asianpaints

**बोलपत्र माध्यमबाट स्क्रयाप बिक्री सम्बन्धी सूचना**

हेटौडा औद्योगिक क्षेत्रमा अवस्थित बहुराष्ट्रिय कम्पनि एशियन पेन्ट्स नेपाल प्रा लिको उद्योग सञ्चालनका क्रममा निस्कने विभिन्न स्क्रयाप सामाग्रीहरु वोलपत्र प्रकृया मार्फत बिक्री गरिने भएकोले इच्छुक फर्म वा कम्पनीले कम्पनीको आधिकारिक website मा दिइएको उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही २०८० माघ २५ गते भित्र कोटेशन पेश गर्नु हुन आव्हान गरिन्छ । बोलपत्र सम्बन्धि विस्तृत जानकारी र बोलपत्र फर्म कम्पनीको वेभसाईट ठेगाना https://www.asianpaintsnepal.com/footer-lonks/tender-notice.html मा दिइएको छ ।

**खाद्यान्न गहुँको उप-उत्पादन लिलाम बिक्री सम्बन्धि सुचना**

*प्रथम पटक प्रकाशित मितिः-२०८०/१०/११ गते*

उपरोक्त सम्बन्धमा चालु आ.व.२०८०/८१ मा यस कार्यालयबाट मौज्दात रहेको गहुँ बीउ प्रशोधन गर्दा निस्किएको गहुँको उप-उत्पादनलाई खाद्यान्नको रुपमा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गर्नु पर्ने भएकोले निम्न परिमाण तथा शर्तनामाको अधिनमा रहि रितपुर्वकको गोप्य शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

| क.स. | विवरण | परिमाण (मे.टन) |
|---|---|---|
| १ | गहुँको उप-उत्पादन | १७.२९० |

**शर्तहरूः**

१. यो सुचना प्रथम पटक प्रकाशित मितिले २१ औं दिनको १२:०० बजे सम्म रु. १,०००/- (फिर्ता नहुने गरी) तिरी बोलपत्र फारम यस कार्यालयबाट कुनै पनि ईच्छुक व्यक्ति, फर्म वा संघ-संस्थाले खरिद गर्न सक्ने छ ।
२. खरिद गरेको बोलपत्रमा आफुले लिन कबोल गरेको दररेट राखी शिलबन्दी गरी प्रथम पटक प्रकाशित मितिले २१ औं दिनको २:०० बजे भित्र आवश्यक कागजात (व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्म वा संघ-संस्थाको हकमा फर्म वा संघ-संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि, करचुक्ताको प्रमाणपत्र प्रतिलिपि) सहित यस कार्यालयमा पेश गर्नु पर्ने छ । नियमानुसार पर्न आएका बोलपत्रहरुलाई सोही दिन, दिनको ३:०० बजे विभिन्न कार्यालयका प्रतिनिधिहरु र बोलपत्र दाता वा निजको प्रतिनिधीहरुको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन् ।
३. बोलपत्रदाताले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी बापतको रकम यस कार्यालयको नेपाल बैंक लि., हेटौँडा औद्योगिक क्षेत्र शाखा स्थित खाता नं. ०५३००१०७४२०१०५००००१ मा नगद जम्मा गरी सो को सक्कलै बैंक भौचर बोलपत्र साथ पेश गर्नु पर्ने छ ।
४. बोलपत्रदाताले रितपुर्वक सहिछाप एवम् शिलबन्दी गरी यस कार्यालयमा बोलपत्र दर्ता गर्नु पर्ने छ ।
५. बोलपत्रदाताले आफुले खरिद गर्न चाहेको खाद्यान्न गहुँको उप-उत्पादनको दररेट बोलपत्र फारममा अंक र अक्षर समेतमा प्रष्टसँग उल्लेख गर्नुपर्ने छ । केरमेट भएमा अक्षरमा उल्लेखीत दररेटलाई मान्यता दिईने छ ।
६. बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको जानकारी पाएको सात (७) दिन भित्रमा आफुले कबोल गरेको दररेटबाट हुन आउने रकम यस कार्यालयको नेपाल बैंक लि., हेटौँडा औद्योगिक क्षेत्र शाखा स्थित खाता नं. ०५३००१०७४२०१०५००००१ जम्मा गरी बील कटाई जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा सम्पुर्ण समान आफ्नै बोरामा कस्ति गरी उठाई लैजानु पर्ने छ । निर्धारित समय भित्र समान उठाई नलगेमा निजले राखेको धरौटी रकम जफत गरी कम्पनीको नियमानुसार कारवाही अगाडी बढाईने छ ।
७. बोलपत्र स्वीकृत भएपछि कम्पनीको गोदामबाट समान उठाई लैजान लाग्ने सम्पुर्ण खर्च स्वयम् बोलपत्रदाताले नै व्यहोर्नु पर्ने छ । सामान कस्ती गरेर राखेको बोरा कम्पनीले उपलब्ध गराउने छैन् ।
८. रित नपुगेको वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारबाही हुने छैन् ।
९. प्राप्त भएको बोलपत्र पुर्ण वा आंशिक स्वीकृत गर्ने/नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
१०. यस सम्बन्धि केही थप जानकारी चाहिएमा वा लिलाम बिक्री हुने समानको नमुना हेर्न चाहेमा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ ।
११. अन्य कुरा प्रचलित कानुन बमोजिम हुने छ ।

कृषि सामग्री कम्पनी लिमिटेड
(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)
बागमती प्रादेशिक कार्यालय
हेटौँडा औद्योगिक क्षेत्र, हेटौँडा, मकवानपुर
सम्पर्क नं. ०५७-४१२४५७

# मकवानपुरगढीलाई विशेषरुपले हेर्न आवश्यक: सांसद बानियाँ



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभा सदस्य इन्द्रबहादुर बानियाँले सरकारले मकवानपुर गढीलाई विशेष रुपले हेर्न आवश्यक रहेको बताउनुभएको छ । बुधबार मकवानपुरगढीको २ सय ६१ औं विजय उत्सवमा बोल्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो ।

पर्यटनको दृष्टिकोणले सम्भावित गढीलाई विकास गर्न तीन तहको सरकारले विशेष ध्यान दिएर काम गर्नुपर्ने उहाँले बताउनुभयो । यसअघि आफ्नो पहलमा प्रदेशले बहुवर्षीय योजनामा मकवानपुरगढीलाई ९ करोड रुपैयाँ बजेट छुट्याएको बताउनुहुँदै उहाँले थप कार्य गर्न आवश्यक रहेको बताउनुभयो । उहाँले भविष्यमा मकवानपुरगढीलाई गुरुयोजना बनाएर प्राचिन शैलीमा निर्माण अगाडि बढाउने आफ्नो लक्ष्य रहेको बताउनुभयो ।

अरु क्षेत्रसमेतको सर्किट बनाएर विभिन्न गढीसँग जोड्दै प्रदेशको पौराणिक क्षेत्रको रुपमा विकास गर्न आफूले पहलसमेत गर्ने उहाँले प्रतिबद्धता जनाउनुभयो । नेपालमा रहेका ठूला किल्लामध्ये मकवानपुरगढी एक भएको बताउनुहुँदै मकवानपुरगढीको विशेषता अझ बढी रहेको बताउनुभयो । उहाँले इतिहासमा धेरै राजा र व्यवस्था फेरिए पनि पृथ्वीनारायण शाहलाई भने यो धर्तीले सधैं सम्झिरहने बताउनुभयो । उहाँले गढीको सुरक्षाका लागि रक्षा मन्त्रालयसँग समन्वय गरी गढीलाई सुरक्षा दिन पहल गर्ने बताउनुभयो ।

बागती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामीले नेपालमा रहेका विभिन्न गढीमध्ये मकवानपुरगढीको लडाइँ र संगठन निर्माणको हिसाबले छुट्टै महत्व रहेको बताउनुभयो । सरकार र नेताहरुले विजय उत्वस मनाएर इतिहासका कुरामात्रै गर्न नहुने बताउनुहुँदै यसको संरक्षण गर्न आवश्यक रहेको उहाँले बताउनुभयो । उहाँले अहिले गढीको इतिहास बोकेका हातहतियार र सामानहरु खोज्नुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

लडाइँ लड्दा यहाँको सेनाले बङ्गाली सेनासँग कब्जा गरेको थुप्रै हातहातियारहरु २०३६ सालसम्म गढीमै रहे पनि अहिले सबै हातहतियार हराएपछि उहाँले यस्तो बताउनुभएको हो । उक्त हातहतियारहरु नेपाली सेनाको सुपारेटर ब्यारेकमा ल्याइएपछि हराइरहेको भन्दै उहाँले हतियार फिर्ता गर्न सबै जनाले पहल गर्नुपर्ने बताउनुभयो । पुराना हतियार गढीमै ल्याउन सकेमा यस गढीको ऐतिहासिक महत्व थप वृद्धि हुने उहाँको भनाइ छ ।

मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङतानले गढीको सुरक्षा व्यवस्थापन गर्न कठिन भइरहेको बताउनुभयो । उहाँले यस स्थानमा पनि सेना राखेर गढीलाई थप सुरक्षा प्रदान गर्न आवश्यक रहेको बताउनुभयो । पालिकाले पनि आन्तरिक पर्यटनलाई वृद्धि गर्न विभिन्न कार्यक्रम गरिरहेको उहाँले बताउनुभयो ।

मकवानपुरगढी-२ का वडा अध्यक्ष बखान सिंह पाखिनको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेश सरकारका निवर्तमान स्वास्थ्यमन्त्री निमा लामा, गाउँपालिकाकी उपप्रमुख मानकुमारी पाखिन र मध्यपृतना हेडक्वाटरका पृतनापति उपरथी प्रदीपजंग केसीलगायतको आतिथ्य रहेको थियो ।

## थाहामा वडास्तरीय फुटबल प्रतियोगिता सुरु

# वडा नम्बर १, ३ र १२ को विजयी सुरुवात

समाज संवाददाता

हेटौंडाः मकवानपुरको थाहा नगरपालिकामा बुधबारबाट वडास्तरीय फुटबल प्रतियोगिता सुरु भएको छ । नगर खेलकुद विकास समितिको आयोजना तथा वडा नम्बर ९ खेलकुद विकास समितिको व्यवस्थापनमा वडास्तरीय फुटबल प्रतियोगिता सुरु भएको हो ।

बुधबार वडा नम्बर ३ र ६ बिच भएको उद्घाटन खेलमा वडा नम्बर ३ विजयी भएको छ । वडा नम्बर ३ ले वडा नम्बर ६ लाई ४-१ गोल अन्तरले पराजित गरेको हो । बुधबार नै भएको दोस्रो खेलमा वडा नम्बर १ ले वडा नम्बर २ लाई २-० गोल अन्तरले पराजित गर्न सफल भयो । यस्तै, तेस्रो खेलमा वडा नम्बर १२ ले वडा नम्बर ९ लाई टाइब्रेकरमा ५-४ गोल अन्तरले पराजित गरेको छ ।

बागमती प्रदेशको सामाजिक विकासमन्त्री कुमारी मोक्तानले प्रतियोगिताको उद्घाटन गर्नुभएको थियो । नगर खेलकुद विकास समितिका संयोजक टीकाराम स्याङतानको अध्यक्षतामा भएको कार्यक्रममा निर्माण व्यावसायी महासंघका पूर्वअध्यक्ष जयराम लामिछाने, थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, वडा न ९ का अध्यक्ष राजकुमार बलामी, वडा न ३ का अध्यक्ष हिरेन्द्रकुमार रायमाझी, वडा न ७ का अध्यक्ष शिवराज थिङ, थाहा नगर खेलकुद विकास समिति सदस्य यादवजंग रायमाझी, सदस्यसचिव अनिल लामिछानेलगायतको आतिथ्य रहेको थियो ।

प्रतियोगितामा थाहा नगरपालिकाका १२ वटै वडाले सहभागिता जनाएको थाहा नगर खेलकुद विकास समितिका सदस्य रायमाझीले बताउनुभयो । माघ १३ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा प्रथम हुने टिमलाई नगद १ लाख र दोस्रो हुने टिमलाई नगद ५० हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने रायमाझीले जानकारी दिनुभयो । प्रतियोगितामा विधागत उत्कृष्ट खेलाडीहरुलाई पनि पुरस्कारको व्यवस्था भएको आयोजकले जनाएको छ ।

# युवा संघ संयोजकमा नगरकोटी

समाज संवाददाता

हेटौंडाः नेकपा एमालेसम्बद्ध युवा संघ मकवानपुरको जिल्ला सम्मेलन आयोजक कमिटीको संयोजकमा राजेश नगरकोटी चयन हुनुभएको छ । बुधबार हेटौंडामा भएको युवा संघको विस्तारित जिल्ला कमिटी बैठकले नगरकोटीलाई सम्मेलन आयोजक कमिटीको संयोजक चयन गरेको हो । जिल्ला सम्मेलन आयोजक कमिटीको सहसंयोजकमा सविन लामा चयन हुनुभएको छ ।

राष्ट्रिय युवा संघ नेपाल मकवानपुर अध्यक्ष लक्ष्मण उप्रेतिको सभाध्यक्षता र राष्ट्रिय युवा संघका केन्द्रीय उपाध्यक्ष कृष्णहरि केसीको प्रमुख आतिथ्यतामा भएको भेलाले सम्मेलन आयोजक कमिटी चयन गरेको हो । भेलालाई सम्बोधन गर्नुहुँदै राष्ट्रिय युवा संघका केन्द्रीय उपाध्यक्ष केसीले नयाँ नेतृत्व चयनसँगै संगठनमा नयाँ गति पैदा हुने र कमी कमजोरी हटाई संगठनलाई सशक्त



बनाउन र युवामा आकर्षण बढाउन सहयोग पुग्ने विश्वास लिएको बताउनु भयो ।

उहाँले भन्नुभयो, 'सबल पार्टीका लागि सशक्त युवा संघ आवश्यक छ ।' त्यसैले यो सदस्य विस्तार, व्यवस्थापन र सदृढीकरणको अभियानमा लाग्नु पर्नेमा जोड दिनुभयो । उहाँले जनजीविकाका मुद्दा बोक्न, युवाका समस्या समाधानमा लाग्न र आत्मनिर्भर बनाउन युवालाई शिक्षा, सीप, श्रम र उत्पादनसँग जोड्ने लक्ष्य लिन समेत आग्रह गर्नुभयो । उपाध्यक्ष केसीले युवामा आशा जगाउने र नयाँ नेपाल निर्माण गर्ने अभिभारा युवाकै हो भन्दै नयाँ नेतृत्वले युवामा गति आउने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा राष्ट्रिय युवा संघ नेपालका लेखा आयोगका प्रमुख सन्तोष चौलागाई, नेकपा एमाले पोलिटब्यूरो सदस्य तथा मकवानपुर जिल्ला इन्चार्ज देवि ज्ञवाली, नेकपा एमाले मकवानपुरका अध्यक्ष एका लाल श्रेष्ठ, नेपाल खेलकुद महासंघका महासचिव धरम बहादुर लामा, राष्ट्रिय युवा संघ नेपाल स्थायी कमिटी सदस्य मिलन पाठक, राष्ट्रिय युवा संघ नेपालका केन्द्रिय सदस्य प्रकाश लामा, दिलमाया घर्ती, राष्ट्रिय युवा संघ नेपाल बागमती प्रदेशको कोषाध्यक्ष नरेन्द्र भण्डारी, राष्ट्रिय युवा संघ नेपाल प्रदेश सदस्य विश्वराज राई, नेकपा एमाले जिल्ला कमिटी सदस्य सानुकुमार लामा, नेकपा एमाले जनसंगठन समन्वयका उपसंयोजक आरती पाठकको पनि सहभागिता रहेको थियो ।

# पुतलीबजारमा बस दुर्घटना

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-६, पुतलीबजारमा बस दुर्घटना हुँदा १० जना घाइते भएका छन् । बुधबार बिहान ९ बजेको समयमा फुर्केचौरबाट हेटौंडाबजारतर्फ आउँदै गरेको ना ३ ख ५३०३ नम्बरको बस दुर्घटना भएको हो ।

बसले टेलर ट्कलाई साइड दिने क्रममा पल्टिँदा दुर्घटना भएको हो । बसमा १५ जना सवार थिए । बसमा सवार रहेका १० जना घाइते भएका छन् । घाइते मध्ये हेटौंडा-१७, हटियाकी २५ वर्षीया पुष्पा डंगोल, २१ वर्षीया रुपा डंगोल, हेटौंडा-१८ की ४५ वर्षीया महिला, सोही स्थानका ७० वर्षीय पुरुष, हेटौंडा-१७ का ५१ वर्षीय शंकर राई, ५५ वर्षीया आशा राई, बीरगंज घर भई हाल हेटौंडा-१६ बस्ने २२ वर्षीया सिमा साहको हेटौंडा अस्पतालमा उपचारपछि डिस्चार्ज भएका छन् । दुर्घटनामा परी घाइते भएका मकवानपुरगढी-७ की ५६ वर्षीया माहिली माया थिङ, मकवानपुरगढी-१, धाप बस्ने ४६ वर्षीय कुमार सिं गोले, हेटौंडा-१८, हर्नामाडी बस्ने ३६ वर्षीय सोमलाल थिङ भने सन्चो हस्पिटलमा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# रुम्बा मृत फेला

समाज संवाददाता

हेटौंडाः मकवानपुरको थाहा नगरपालिका-५, फुर्केमा सुतिरहेको अवस्थामा एकजना महिला मृत फेला परेकी छन् । मृत फेला पर्नेमा ६० वर्षीया ठुलीमाया रुम्बा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । मंगलबार दिउँसो ४ बजेको समयमा रुम्बा आफ्नै घरमा सुतिरहेको ठाउँमा मृत फेला परेकी थिइन् । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि काठमाडौंस्थित टिचिङ अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ ।

# ज्वालादेवीको ४६ औं वार्षिकोत्सव

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मकवानपुरगढी गाउँपालिका-४, फिर्केपाखास्थित ज्वालादेवी आधारभूत विद्यालयले ४६ औं स्थापना दिवस मनाएको छ । बुधबार एक कार्यक्रमका बीच विद्यालयले विद्यार्थीलाई पुरस्कृत गर्नुका साथै शिक्षक, सहयोगीलाई सम्मान गरेर वार्षिकोत्सव मनाएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजाराम मुक्तानको अध्यक्षता तथा गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङतानको प्रमुख आतिथ्यमा वार्षिकोत्सव समारोह भएको हो । वार्षिकोत्सवको अवसरमा विद्यालयले विद्यार्थी, शिक्षक, अभिभावकको सहभागितामा विविध क्रियाकलापको आयोजना गरेको थियो । वार्षिकोत्सव समारोहमा वडा अध्यक्ष अर्जुनप्रसाद तिमल्सिना, वडा सदस्य संगीता परियारको पनि आतिथ्य रहेको थियो । वार्षिकोत्सवको अवसरमा विद्यार्थीले नृत्य कला समेत प्रस्तुत गरेका थिए ।

८ कक्षासम्म पठनपाठन हुने विद्यालयमा चालु शैक्षिकसत्रमा ८६ जना विद्यार्थी भर्ना भएका थिए । अर्धवार्षिक परीक्षामा भने ७३ जना विद्यार्थी सहभागी भएको विद्यालय प्रधानाध्यापक सरोज फयालले जानकारी दिनुभएको छ । विद्यालयको सुधार एवम् शैक्षिक वातावरण बनाउन आफूले सक्दो प्रयास गरिरहेको जानकारी गराउनुहुँदै प्रधानाध्यापक फयालले भन्नुभयो, "विद्यालयले गरेका सकारात्मक प्रयासबाट स्थानीय समुदायका मानिस प्रभावित भएका छन् । आगामी शैक्षिक सत्रमा ३० भन्दा बढी नयाँ विद्यार्थी थपिने छ ।"

# एकैदिन ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन, रामेछाप र सिन्धुली जिल्लामा एकैदिन ३ जनाको मृत्यु भएको छ । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले दिएको जानकारीअनुसार चितवन जिल्लाको खैरहनी नगरपालिका-२ मा शौचालयमा लडेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा सिन्धुपाल्चोक जिल्ला घर भई हाल खैरहनी नगरपालिका फुलबारी टोल बस्ने ३५ वर्षीय प्रकाश सुनार रहेको प्रहरीले जानकारी दिएको छ ।

मंगलबार बिहान ४ बजेको समयमा सुनार शौचालयमा लड्दा घाईते भएका थिए । घाइते सुनारलाई उपचारका लागि जिल्ला अस्पताल लगिएकोमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । यस्तै, रामेछाप जिल्लाको सुनकोशी गाउँपालिका-५, बरपिपलमा भिरबाट लडेर एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा ५६ वर्षीय बाग बहादुर तामाङ रहेको प्रहरीले जानकारी दिएको छ । तामाङ सोमबार बिहान ८ बजेदेखि सम्पर्कमा नआएपछि खोजतलास गर्दै जाँदा मंगलबार बिहान ८ बजेर ३० मिनेटको समयमा सडकदेखि १ सय मिटर तल लडी मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, सिन्धुली जिल्लाको दुधौली नगरपालिका-९, दुधौली बजारमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा दुधौली नगरपालिका-१३ मनवा बस्ने ५० वर्षीय गणेश बिक रहेको प्रहरीले जानकारी दिएको छ । मंगलबार दिउँसो ३ बजेको समयमा दुधौली बजारमा सुतिरहेको ठाउँमा मृत अवस्थामा फेला परेका थिए । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि प्राथमिक स्वास्थ्य केन्द्र सिधौली लगिएको प्रहरीले जानकारी दिएको छ ।

# भीमफेदी बालगृहमा खाद्यान्न सहयोग



*बालगृहका लागि खाद्यान्न हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुरको भीमफेदी गाउँपालिकास्थित बालगृहमा पुरानो मकवानपुर रोड सडक, ढल, पेटी निर्माण उपभोक्ता समितिले खाद्यान्न सहयोग गरेको छ । हेटौंडा उपमहानगरपालिका-२ मा रहेको पुरानो मकवानपुर रोड सडक, ढल, पेटी निर्माण उपभोक्ता समितिले खाद्यान्न अभाव झेल्दै आएका भीमफेदी बालगृहका बालकका लागि बुधबार बालगृह पुगेर सहयोग प्रदान गरेको हो ।

उपभोक्ता समितिले समितिमा रहेको बचतबाट आएको ब्याज रकमबाट चामल, दाललगायतका खाद्यान्न बालगृहमा खाद्यान्न अभाव रहेको जानकारी पाएपछि सहयोग गरिएको समितिका अध्यक्ष मञ्जु दाहाल खतिवडाले बताउनुभयो । उहाँका अनुसार बालगृहमा चामल, दाल, चिउरा, तेल, चना, चिनी, गेडागुडी, अण्डा, नुन, चियापत्तीलगायतका खाद्यान्न ३० हजार रुपियाँ बराबरको सहयोग गरिएको छ ।

उपभोक्ता समितिले दैनिक उपभोग्यका सामग्रीहरु नेपाल बाल सङ्गठन मकवानपुरका अध्यक्ष अशोक सारू मगरलाई हस्तान्तरण गरेको थियो ।

खाद्यान्न हस्तान्तरण कार्यक्रममा उपभोक्ता समितिका उपाध्यक्ष राजु श्रेष्ठ, सचिव शैलेश मानन्धर, कोषाध्यक्ष अजय मानन्धर, सदस्य श्रीमति कृष्णकला पुडासैनी, सङ्गठनका जीवन तिमिल्सनालगायतको उपस्थिति रहेको थियो । बालगृहमा हाल १४ जना बालक रहेका छन् । बालगृहमा आश्रित बालिकाहरुलाई अन्यत्र रहेको बालगृहमा पठाइएको जनाइएको छ ।

**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर**

विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि) आदि को अधिक प्रयोगले:

- बालबालिकाको आँखाको ज्योति कमजोर हुने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- फिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त संचारमा प्रतिकूल प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट हुने जोखिमबाट बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड